# विद्यालयमा आधारित तालिम प्रतिबेदन
## डोटी

भ्रमण मितिः २०६९ पौष १० देखि १३ सम्म (२५–२८ डिसेम्बर २०१२)

भ्रमणका उद्देश्यहरू

- ई–पाटी एकीकृत शिक्षणको आधारभूत तालिममा सहभागी शिक्षकहरूका लागी विद्यालयमा आधारित तालिम सञ्चालन गर्नु ।
- शिक्षकहरूलाई अभ्यास गराउँदै विद्यालय सर्भर र ई–पाटीहरू अपडेट गराउनु ।
- ई–पाटी एकीकृत शिक्षणको क्रममा शिक्षकहरूलाई कुनै प्राविधिक वा अप्राविधिक समस्या भएमा समाधान गर्न सहयोग गर्नु ।

भ्रमण गरिएका विद्यालयहरू

**<u>श्री मष्टेश्वर प्राथमिक विद्यालय लडागडा डोटी</u>**

- अवधि– पौष ११, २०६९ (२६ डिसेम्वर २०१२)
- भ्रमण टोलीः

  टीकाराज कार्की साऱ्रा शिक्षा ई–पाटी

  सुमित आचार्य साऱ्रा शिक्षा ई–पाटी

विद्यालयमा देखिएको अवस्था

यस विद्यालयका ४ जना शिक्षकहरु ई–पाटी एकीकृत शिक्षण सिकाइको आधारभूत तालिममा सहभागी भएका थिए । यी मध्ये एकजना शिक्षक विदामा रहेकाले ३ जना शिक्षकहरुको कक्षा अवलोकन गरि पृष्ठपोषण दिइएको थियो । यस कार्यमा सहभागी शिक्षक र कक्षा सम्बन्धि जानकारी तल उल्लेख भएअनुसार रहेको थियो ।

- ✍ अम्बादत्त जोशी कक्षा ५ अङ्ग्रेजी हप्ता १६ Describing words
- ✍ जोगबहादुर कडायत कक्षा ५ गणित हप्ता ६ मुद्रा
- ✍ हिमा सावद कक्षा ५ विज्ञान हप्ता १ एकदलिय र दुईदलिय विरुवाहरु

यस बिद्यालयका शिक्षकहरूको कक्षा अवलोकन तथा ई–पाटी र कक्षाकोठाको ब्यवस्थापन हेर्दा देखिएका सबल पक्षहरू तल उल्लेख गरिए अनुसारका थिए ।

- ✍ विद्यालयमा ई–पाटी एकीकृत शिक्षणको लागि अलग्गै कक्षाकोठा र उपयुक्त फर्निचरहरु तयार गरिएको ।
- ✍ तालिममा सहभागि भएका शिक्षकहरूमा एकीकृत शिक्षणको वारेमा प्रष्ट बुझाइ ।
- ✍ कक्षा ४ र ५ विद्यार्थीहरू ई–पाटीको आधारभूत प्रयोग गर्न सक्षम भएका ।
- ✍ एकीकृत कक्षा सञ्चालनको लागि अलग्गै रुटिन तयार गरि सोहि अनुसार शिक्षण भइरहेको ।
- ✍ शिक्षकहरूले ई–पुस्तकालय प्रयोग गर्ने गरेका पाइयो ।

एकीकृत कक्षा शिक्षण अवलोकन पश्चात् सबै शिक्षकहरुलाई एकैठाउँ राखेर ई–पाटी एकीकृत शिक्षणको क्रममा देखिएका र शिक्षणलाई थप प्रभावकारी वनाउन शिक्षकहरूलाई दिइएका मुख्य सुझावहरु यस अनुसार रहेका थिए –

- ✍ एकीकृत कक्षा शिक्षणको क्रममा आवाज प्रयोग हुने क्रियाकलापहरूको आवाज ब्यवस्थापनमा कठिनाइ देखिएकोले समुह विभाजन गरेर १/१ जनाको मात्र आवाजको लागी ई–पाटी प्रयोग गर्ने वा शिक्षकको मात्र ई–पाटी प्रयोग गर्न जानकारी दिएको ।
- ✍ विद्यार्थीको कक्षाकार्य ब्यवस्थापनको लागी जवचार्ट तयार गरिएको र यसको नियमित प्रयोग गर्न भनिएको ।
- ✍ चार्जिङ् न्याकवाट ई–पाटी निकाल्दा र राख्दा पालैपालो गर्ने ब्यवस्था मिलाउनु पर्छ ।
- ✍ विद्यार्थीहरुले ई–पाटी खोल्दा र अन गर्दा एकैपटक गर्न लगाउनुपर्छ ।
- ✍ ई–पाटीमा भएका शब्दहरु उच्चारण गर्दा शिक्षकले उच्चारण नगरि ई–पाटीवाट सुनाउँदै बिद्यार्थीहरुलाई उच्चारण गर्न लगाउने ।
- ✍ ई–पाटीमा भएका विषयवस्तुहरु विद्यार्थीलाई नै पालैपालो पढ्न लगाउने ।
- ✍ विद्यार्थीलाई गृहकार्य दिँदा बोर्डमा लेखिदिने र कापीमा सार्न लगाउने ।
- ✍ कक्षा २ देखि ५ सम्मका सबै विद्यार्थीहरुलाई ई–पाटी प्रयोगमा अभ्यास गराउने ।
- ✍ ई–पाटी एकीकृत कक्षाशिक्षण गराउने सबै शिक्षकहरुले एकीकृत पाठयोजना तयार गरि सोहि अनुसार शिक्षण गर्ने ।
- ✍ बिद्यार्थीहरुलाई ई–पुस्तकालयको वारेमा जानकारी दिई प्रयोगको समय छुट्याइदिने ।

कक्षामा ई–पाटी एकीकृत कक्षा शिक्षण भइरहेको समयमा विद्यालय नेटवर्कको प्राविधिक अवस्था जाँच गरिएको थियो । लामो समयसम्म युपियस बन्द भएको कारण यसले काम नगरेकाले लोडसेडिङ्को समयमा ई–पाटी तथा विद्यालय सर्भर प्रयोग गर्न कठिन भएको पाइयो । यसको समाधानको लागी नजिकैको वजार दिपायलमा लगेर चार्ज गर्ने सल्लाह दिइयो ।

## <u>श्री सुनादेवि उच्चमाध्यमिक विद्यालय लडागडा, डोटी</u>

- अवधि– पौष ११, २०६९ (२६ डिसेम्वर २०१२)
- भ्रमण टोलीः

  सुनिल पोखरेल साझा शिक्षा ई–पाटी
  सुमित आचार्य साझा शिक्षा ई–पाटी

विद्यालयमा देखिएको अवस्था

- ई–पाटी एकीकृत शिक्षण तालिममा सहभागी भएका शिक्षक ४ जना
- यस बाहेक विद्यालयमा ई–पाटी एकीकृत शिक्षण गर्न अलग्गै कक्षाकोठा तयारी तथा विद्यालय नेटवर्क सेटअप र फर्निचरहरुको ब्यवस्थापन गरिएको पाइयो ।
- कक्षा अवलोकन तथा पृष्ठपोषण
  - ✍ नवराज पाठक कक्षा २ नेपाली
  - ✍ हृदयनारायण चौधरी कक्षा ४ विज्ञान

- ✍ उत्तम कडायत कक्षा २ गणित (तालिममा सहभागी नभएको शिक्षक)
- ✍ शेरबहादुर कुन्जेडा कक्षा ५ अङ्ग्रेजी (तालिममा सहभागी नभएको शिक्षक)

यस बिद्यालयका शिक्षकहरूको कक्षा अवलोकन तथा ई–पाटी र कक्षाकोठाको ब्यवस्थापन हेर्दा देखिएका सबल पक्षहरू तल उल्लेख गरिए अनुसारका थिए ।

- ✍ विद्यार्थीहरुलाई शिक्षकको ष्पष्ट निर्देशन थियो ।
- ✍ विद्यालयमा ई–पाटी एकीकृत शिक्षणको लागि अलग्गै कक्षाकोठा र उपयुक्त फर्निचरहरु तयार गरिएको ।
- ✍ एकीकृत कक्षा सञ्चालनको लागि अलग्गै रुटिन तयार गरि सोहि अनुसार शिक्षण भइरहेको ।
- ✍ तालिम अप्राप्त शिक्षकहरुले पनि सन्तोषजनक रुपमा एकीकृत कक्षा शिक्षण गरिरहेको ।

सुझावहरु

- ✍ केहि विद्यार्थीहरुलाई ई–पाटी खोल्ने र बन्द गर्ने तथा ई–पाठमा जान अझै कठिनाई देखिएकाले ई–पाटी र ई–पाठको वारेमा थप जानकारी र अभ्यास गराउनु जरूरीछ ।
- ✍ एकीकृत कक्षा सञ्चालनको क्रममा आवाज ब्यवस्थापनमा समस्याछ ।
- ✍ हालसम्म ई–पुस्तकालयको राम्ररी प्रयोग नभएकोले शिक्षकहरुलाई राखेर ई–पुस्तकालयको प्रयोगमा सामुहिक अभ्यास गराउनका साथै यसलाई नियमित प्रयोग गर्न जानकारी गराइयो ।
- ✍ कक्षा १ देखि ५ सम्म एकठाउँमा र कक्षा ६ भन्दा माथि अर्कै भवनमा कक्षा हुने गरेको र यी २ भवनको दुरी आधाघण्टा टाढा भएकाले कक्षा ६ का विद्यार्थीहरुलाई ई–पाटी प्रयोग गर्ने अवसर नमिल्ने भएकाले सम्भव भएसम्म १ देखि ६ सम्मको कक्षाहरु नजिकै हुने वातावरण मिलाउने ।
- ✍ लामो समयसम्म चार्ज नगरेकाले युपीयस नचल्ने भएकाले नजिकैको बजारमा लगेर पुनः चार्ज गर्नुपर्ने ।
- ✍ अधिकतम विद्यार्थी सङ्ख्या ९० रहेको र ई–पाटीको सङ्ख्या ३० मात्र रहेकाले १:२ वा १:३ गरेर चलाउनु पर्ने देखियो ।

**<u>श्री मष्टमाण्डौं उच्चमाध्यमिक विद्यालय पोखरी डोटी</u>**

- अवधि– पौष १२, २०६९ (२७ डिसेम्वर २०१२)
- भ्रमण टोलीः

सुनिल पोखरेल<br>
टीकाराज कार्की साझा शिक्षा ई–पाटी<br>
सुमित आचार्य साझा शिक्षा ई–पाटी

विद्यालयमा देखिएको अवस्था

यस विद्यालयका १२ जना शिक्षकहरु ई–पाटी एकीकृत शिक्षण सिकाइको आधारभूत तालिममा सहभागी भएका थिए । यी मध्ये ६ जना शिक्षकहरुले ई–पाटी एकीकृत कक्षा शिक्षण गरिरहेकोमा ३ जना शिक्षक विदामा रहेकाले विद्यालयमा रहेका ३ जना शिक्षकहरुको कक्षा

अवलोकन गरि पृष्ठपोषण दिइएको थियो । यस कार्यमा सहभागी शिक्षक र कक्षा सम्बन्धि जानकारी तल उल्लेख भएअनुसार रहेको थियो ।

- ✍ मदनराज जोशी कक्षा ५ विज्ञान सरसफाईमा हात धुनुको महत्व
- ✍ केशव भट्ट कक्षा ६ गणित हप्ता १३ रुढ र सँयुक्त सङ्ख्या
- ✍ विश्वेश्वर यादव कक्षा ६ अङ्ग्रेजी हप्ता २ B Present Continuous Tense

यस बिद्यालयका शिक्षकहरूको कक्षा अवलोकन तथा ई–पाटी र कक्षाकोठाको ब्यवस्थापन हेर्दा देखिएका सबल पक्षहरू तल उल्लेख गरिए अनुसारका थिए ।

- ✍ विद्यालयमा ई–पाटी एकीकृत शिक्षणको लागि अलग्गै कक्षाकोठा र उपयुक्त फर्निचरहरु तयार गरिएको ।
- ✍ तालिममा सहभागि भएका शिक्षकहरूमा एकीकृत शिक्षणको वारेमा प्रष्ट बुझाइ ।
- ✍ एकीकृत कक्षा सञ्चालनको लागि अलग्गै रुटिन तयार गरि सोहि अनुसार शिक्षण भइरहेको ।
- ✍ शिक्षकहरूले मात्र ई–पुस्तकालय प्रयोग गर्ने गरेका पाइयो ।
- ✍ कक्षामा विद्यार्थी सङ्ख्या बढी भएका र ई–पाटी ३० वटा मात्र भएकाले १:२ वा १:३ गरेर कक्षा शिक्षण गर्ने गरेको पाइयो ।

एकीकृत कक्षा शिक्षण अवलोकन पश्चात् सबै शिक्षकहरुलाई एकैठाउँ राखेर ई–पाटी एकीकृत शिक्षणको क्रममा देखिएका र शिक्षणलाई थप प्रभावकारी वनाउन शिक्षकहरूलाई दिइएका मुख्य सुझावहरु यस अनुसार रहेका थिए –

- ✍ एकीकृत कक्षा शिक्षणको क्रममा आवाज प्रयोग हुने क्रियाकलापहरूको आवाज ब्यवस्थापनमा कठिनाइ देखिएकोले समुह विभाजन गरेर १/१ जनाको मात्र आवाजको लागी ई–पाटी प्रयोग गर्ने वा शिक्षकको मात्र ई–पाटी प्रयोग गर्न जानकारी दिएको ।
- ✍ विद्यार्थीको कक्षाकार्य ब्यवस्थापनको लागी जवचार्ट तयार गरिएको र यसलाई समय समयमा पालो परिवर्तन गरि नियमित प्रयोग गर्न भनिएको ।
- ✍ ई–पाटीमा भएका शब्दहरु उच्चारण गर्दा शिक्षकले उच्चारण नगरि ई–पाटीवाट सुनाउँदै बिद्यार्थीहरुलाई उच्चारण गर्न लगाउने ।
- ✍ ई–पाटीमा भएका विषयवस्तुहरु विद्यार्थीलाई नै पालैपालो पढ्न लगाउने ।
- ✍ विद्यार्थीलाई गृहकार्य दिँदा बोर्डमा लेखिदिने र कापीमा सार्न लगाउने ।
- ✍ ई–पाटी एकीकृत कक्षाशिक्षण गराउने सबै शिक्षकहरुले एकीकृत पाठयोजना तयार गरि सोहि अनुसार शिक्षण गर्ने ।
- ✍ बिद्यार्थीहरुलाई ई–पुस्तकालयको वारेमा जानकारी दिई प्रयोगको समय छुट्याइदिने ।

अन्त्यमा,

असल छिमेकि नेपाल सँगको सहकार्यमा साझा शिक्षा ई–पाटीवाट डोटी जिल्लाका ३ वटा विद्यालयहरुमा यसै शैक्षिक सत्र देखि ई–पाटी एकीकृत शिक्षणको कार्य सुरू गरिएको हो । यस क्रममा ३ वटा विद्यालयका २० जना शिक्षकहरुलाई ई–पाटी एकीकृत कक्षा शिक्षणको सातदिने

आधारभूत तालिम उपलव्ध गराइएको थियो । यस पश्चात् सबै विद्यालयमा ई–पाटी उपलव्ध गराउनुका साथै विद्यालय नेटवर्क समेत सेटअप गरिएकोछ । यो भ्रमण विद्यालयमा शिक्षकहरुलाई एकीकृत शिक्षण गर्न आवश्यक सहयोग गर्नका लागी विद्यालयमा आधारित तालिमको रुपमा गरिएको थियो ।

- २ वटा उच्चमाध्यमिक विद्यालयहरुमा विद्यार्थी सँख्या बढि भएको र ई–पाटीको सँख्या कम भएकाले प्रभावकारी एकीकृत शिक्षण गर्न कठिनाइ भएको पाईयो ।
- सुनादेवि उच्चमाध्यमिक विद्यालयका शिक्षकहरु आधारभूत तालिममा कम उपस्थिती भएकाले सबै कक्षा र विषयहरुको ई–पाटी एकीकृत शिक्षण हुन नसकेको पाइयो ।
- सुनादेवि उच्चमाध्यमिक विद्यालयको प्राथमिक र माथिल्लो कक्षा शिक्षणहुने भवन एकअर्कामा टाढा भएकाले कक्षा ६ को विद्यार्थीहरुले ई–पाटी कम प्रयोग गर्न पाएको अवस्था छ ।
- सबै विद्यालयहरुमा ई–पुस्तकालयको कम प्रयोग भएको पाइयो ।
- मष्टेश्वर प्रावि र सुनादेवि उच्चमाविको युपियस लामो समयसम्म विद्युत लाइन अफ भएका कारण चार्ज हुन समस्या भएकाले असल छिमेकिसँगको सहकार्यमा सम्वन्धित विद्यालयहरुले नै नजिकैको वजारमा लगी चार्ज गर्ने ब्यवस्था मिलाउन सुझाव दिइयो ।
- असल छिमेकी नेपालको स्थानीय कार्यालयवाट पनि यी विद्यालयहरुमा अनुगमन गर्ने ब्यवस्था गरिएमा कार्यक्रम थप प्रभावकारी हुने देखिन्छ ।

केही फोटोहरू



**Figure 1** मष्टेश्वर प्राविको ई–पाटी एकीकृत कक्षा



**Figure 3** मष्टमाण्डौं उच्चमाध्यमिक विद्यालयको कक्षा शिक्षण



**Figure 2** सुनादेवि उच्चमाध्यमिक विद्यालयको कक्षा



**Figure 4** मष्टमाण्डौं उच्चमाध्यमिक विद्यालयका विद्यार्थीहरु ई–पाटीमा अभ्यास गर्दै